**निर्णय नं. १**

२०८२ साल कातिक २७ गते सम्पन्न बैठकबाट भएका निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

- केस वर्कर, मनोसामाजिक परामर्शकर्ता र केश मेनेजरको सम्झौता भइ सकेको ।
- टुडिखेल र प्यारा फिटमा रहेको सौचालयको संरक्षण तथा उपयोग सम्बन्धी व्यवस्थापन गर्न धनकुटा नगरपालिकाले तय गरेका शसर्तका आधारमा धनकुटा खेलकुद विकास समिति धनकुटालाई सम्झौता हुने क्रममा रहेको ।
- दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (इन्स्योर) के तालिम प्रकृया सुरु भएको ।
- नवप्रर्वतन साझेदारी परियोजना सञ्चालन कार्यविधि-२०८२ अनुसार दुई आ.ब. मा सम्पन्न हुने गरी रु. दुई करोड लागतको "डिजिटल स्थानीय आर्थिक सर्वेक्षण तथा एक वडा एक उत्पादन प्रवर्द्धन परियोजना" सञ्चालन गर्न अवधारणा पत्र पेश गरिएको ।
- स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको कार्यान्वयनका लागि सम्वन्धित निकायमा पठाएको ।
- धनकुटा नगरपालिका १ हिले (षडेषेश्वर मन्दिर)-भिरगाउ- मधुगङ्गा सडक स्तरोन्नति कार्यका लागि आशिष-आशिर्वाद- स्वामीनारायण जेभिसँग भएको सम्झौताको म्याद २८ फरवरी २०२६(२०८२ फागुन १६) सम्म थपको पत्र दिएको ।
- धनकुटा नगरपालिकाको स्वीकृत दररेट प्रयोगमा आएको ।
- श्री कौशिका आधारभुत विधालय मुलघाट र श्री जनता राष्ट्रिय आधारभुत विधालय टेकुनालालाई समान रुपले आधा आधा रकम उपलव्ध गराएको ।

**निर्णय नं. २**

धनकुटा नगरपालिकाको दृष्टिबन्धक कार्यविधि २०८१ मा दृष्टि बन्धक समस्या समाधान समितिको सिफारिसका आधारमा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो

निम्न

**क.** जग्गा दृष्टीबन्धक समस्या समाधान सम्बन्धी कार्यबिधी २०८१ को दफा २ परिभाषा को ख सम्सोधन गरि दृष्टीबन्धकी भन्नाले कुनै दुइ ब्यक्तिबिचमा सवै वा आंक्षिक जग्गा दृष्टीबन्धक वा राजिनामा पास गरि तमसुक वा शर्तनामा कागजात बमोजिम शर्तानुसार निश्चित समयपछी फिर्ता गर्नेगरि भएको आर्थिक लेनदेन वा कारोबार लाइ सम्झनु पर्दछ भन्ने भाषा राख्ने ।

**ख.** जग्गा दृष्टीबन्धक समस्या समाधान सम्बन्धी कार्यबिधी २०८१ को दफा २ झ तमसुक भन्नाले साहु र ऋणी बिचमा लेनदेनको कारोबार गर्दा दुबै पक्षको सहमतिमा गरिएको शर्तहरुको सम्वन्धीत वडा कार्यालयबाट गरिएको प्रमाणित कागजात सम्झनु पर्छ भन्ने भाषा राख्ने ।

ग. हालको बुदा ६ ग सम्सोधन गरी घरजग्गा सबै वा भएको जग्गामा आंशिक केहि जग्गा साहुलाइ पास गरिदिएर शर्त अनुसार जग्गा फिर्ता गर्न नसकेका कारण जग्गा वा घरजग्गा गुमाउन पुगेका गरिव किसान ऋणीहरुको पहिचान गर्ने भन्ने भाषा कायम गर्ने ।

घ. हालको बुदा ६ घ सम्सोधन गरि बुदा ग मा उल्लेखित परिवारहरुको घरजग्गा साहुको भइ वा जग्गा गुमाइ भुमीहिन भएका वा जग्गा गुमाउनु पर्ने अवस्थामा पुगेका गरिव किसान परिवारलाइ उक्त अवस्था बाट बचाउन नगरपालिकाले त्यस्ता ऋणीहरुको बुदा ख बमोजिमको सावा वा ब्याज वा दुबै साहुलाइ तिरिदिएर जग्गा उकासिदिने ब्यवस्था मिलाउने छ भन्ने भाषा कायम गर्ने

ङ. साहु वा निजको हकवाला वा तेस्रो व्यक्तिको नाममा जग्गा सरिसकेको भए निजले समेत जग्गा फिर्ता गर्न सहमत भएको अवस्थामा सरेकारवाला पक्षहरु वीच छलफल गरी सहमतीका आधारमा ऋणीको  जग्गा फिर्ता गराउने बुदा थप गर्ने ।

च. बुदा ख र बुदा छ लाइ एकिकृत गर्ने ।

**निर्णय नं. ३**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं. ३ मिति २०८२/०४/०२ को पत्र साथ प्राप्त स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०८२ का सम्बन्धमा जानकारी लिने दिने कार्य गरियो ।

**निर्णय नं. ४**

राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौं समपुरक तथा विशेष अनुदान शाखाको मिति २०८२/०८/२९ को सूचाना तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९६ मिति २०८२/०९/०१ को पत्रानुसार आगामी आ.व. मा धनकुटा नगरपालिकामा सञ्चालन हुने समपुरक तथा विशेष अनुदान कार्यक्रमका लागि निम्नानुसारका योजना छनौट गरी पठाउने निर्णय गरीयो ।

समपुरक अनुदान तर्फ

१. पात्ले खोला उतरपानी ग्रामिण सडक स्तरोन्नति क्रमागत

२. त्रिवेणी याक्चना ग्रामिण सडक स्तरोन्नति

विशेष अनुदन तर्फ

१ धनकुटा नगरपालिका वडा नं. ८ स्थित याक्ते टोलका पहिरोको उच्च जोखिममा रहेका आठपहरिया समुदायको सुरक्षित वस्ती स्थानान्तरण तथा पुनर्स्थापना आयोजना

२. एकीकृत दिगो फोहरमैला व्यवस्थापन

**निर्णय नं. ५**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सङ्घीय मामिला शाखा) को च.नं. ६४ मिति २०८२/०९/०७ को सङ्घ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन २०७७ को दफा २२ को उपदफा (१) बमोजिमको विषयगत समिति (सङ्घिय मामिला तथा सामान्य प्रशासन) का अध्यक्ष तथा मा.मन्त्री ज्यूको अध्यक्षतामा मिति २०८२/०९/०२ गते बसेको बैठकका निर्णयहरु आजको बैठकमा पेश भइ छलफल गरियो

**निर्णय नं. ६**

चालु आ.ब. २०८२/०८३ का लागि विनयोजित गरिएको तपशिल वमोजिम पालिका स्तरिय कार्यक्रम कार्यन्वयनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७९ तथा धनकुटा नगरपालिकाको विनियोजन ऐन २०८२ को दफा ३ वमोजिम निम्न कार्यक्रमहरुको स्रोत, बजेट रकम साथै कार्यक्रममा रकमान्तर, संशोधन तथा थप घट गर्ने निर्णय गरियो ।

**घटाउने/संशोधन हुनु पर्ने**

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | बजेटको स्रोत/तह | प्रासिको श्रोत | रकम |
|---|---|---|---|---|---|
| १ | औषधीउपचार खर्च- कर्मचारी अवकास कोष/कर्मचारी कल्याण कोषमा जाने | 21123 | कोशी प्रदेश | समानिकरण | १९,००,००० |
| २ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 22315 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ११,००,००० |
| ३ | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा ट्रान्स्फर भई जाने रकम | 21214 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ७,००,००० |
| ४ | सभा सञ्चालन खर्च | 22721 | कोशी प्रदेश | समानिकरण | ५,००,००० |
| ५ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | 31159 | कोशी प्रदेश | समानिकरण | ८,६७,२३७ |
| ६ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | 31159 | नेपाल सरकार | समानिकरण | १०,३२,७६३ |
| ७ | जनताको अपेक्षा नगरको शुभेक्क्षा | 31159 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | १०,००,००० |
| ८ | कर्मचारी तालिम खर्च | 22511 | कोशी प्रदेश | समानिकरण | ५,००,००० |

| ९ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च- | 22315 | संघीय सरकार | राजस्व बाँडफाँड | ८०,००० |
|---|---|---|---|---|---|

बढाउने/संशोधन भएको

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | बजेटको स्रोत/तह | प्रासिको श्रोत | रकम |
|---|---|---|---|---|---|
| १ | दायित्व- वृत्त चित्र, पर्यटन प्रबर्धन सम्बन्धि पुस्तिका छपाई, पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च | 22522 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ११,००,००० |
| २ | अन्य फिर्ता | 28219 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ७,००,००० |
| ३ | दायित्व-कृषिमा यान्त्रिकरण साझेदारी | 31131 | कोशी प्रदेश | समानिकरण | ९,००,००० |
| ४ | अन्य सामाजिक सहायता | 27219 | कोशी प्रदेश | समानिकरण | ५,००,००० |
| ५ | प्रकोप व्यवस्थापन कोषमा जाने रकम | 27212 | कोशी प्रदेश | समानिकरण | १०,००,००० |
| ६ | पुजन रम्तेल मोटर साईकल मर्मत केन्द्र सञ्चालन धनपा ६ | 31132 | नेपाल सरकार | समानिकरण अनुदान | १,५०,००० |
| ७ | आठपहरिया संग्राहलय आगनमा ब्लक विछ्याउने कार्य | 31112 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ६,८०,००० |
| ८ | बजारमा रहेका सिसि क्यामेरा जडान तथा मर्मत | 31159 | नेपाल सरकार | समानिकरण | १,८०,००० |
| ९ | सडक मर्मत तथा सरसफाई | 31151 | नेपाल सरकार | समानिकरण | ८२,७६३ |
| १० | सडक मर्मत तथा सरसफाई | 31151 | कोशी प्रदेश | समानिकरण | २,६७,२३७ |
| ११ | तीज प्रतियोगिता कार्यक्रम धनपा | 22522 | नेपाल सरकार | समानिकरण | ८०,००० |
| १२ | तीज प्रतियोगिता कार्यक्रम धनपा | 22522 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | २०,००० |
| १३ | महिला विकास बहुउद्देशिय सहकारी संस्था भवन मर्मत धनपा १० | 31112 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | २,००,००० |
| १४ | नमस्ते धनकुटा विविध साँस्कृतिक कार्यक्रम सञ्चालन | 22522 | कोशी प्रदेश | समानिकरण | ३,००,००० |
| १५ | बिहिवारे हाट मालबाँसे सडकको नुनथला टोल सडक स्तरोन्नती | 31151 | नेपाल सरकार | समानिकरण | २,४०,००० |
| १६ | कृष्ण प्रणामी मन्दिर धनकुटा ६ | 31159 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | १,००,००० |
| १७ | पब्लिक रिसर्च सेण्टर दलित युवा तथा अल्पसंख्यकहरुको शसक्तिकरण कार्यक्रम | 31132 | कोशी प्रदेश | समानिकरण | ३,००,००० |
| १८ | पखेरे टोल रुदुवा- खाम्चे सडक मर्मत | 31151 | नेपाल सरकार | समानिकरण | २,००,००० |
| १९ | टेकुनाला बाहुनी डाँडा सडक स्तरोन्नति | 31151 | नेपाल सरकार | समानिकरण | १,००,००० |
| २० | नेपालेली भाषा तथा संस्कृति अनुसन्धान केन्द्र | 22522 | कोशी प्रदेश | समानिकरण | १,५०,००० |
| २१ | नेपालेली भाषा तथा संस्कृति अनुसन्धान केन्द्र | 22522 | संघीय सरकार | राजस्व बाँडफाँड | ८०,००० |
| २२ | न्हु दया भिन्तुना (नयाँ बर्षको शुभकामना) कार्यक्रम | 22522 | कोशी प्रदेश | समानिकरण | २,००,००० |
| २३ | सिसिङ्ग गोरेटो बाटो निर्माण धनकुटा ५ | 31151 | कोशी प्रदेश | समानिकरण | १,५०,००० |

## निर्णय नं ७

गत आर्थिक वर्ष २०८१/०८२ मा कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी भएको तपशिल वमोजिम कार्यक्रम/योजनाहरु चालु आ.ब.को बजेटमा दायित्व लेख्न छुट भई सम्बन्धित कार्यक्रम समावेश भएको नदेखिएको हुँदा तपशिल वमोजिम शिर्षकहरुबाट भुक्तानी गर्ने साथै भुक्तानी भई सकेको लेखांकनलाई समर्थन गरी अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | भुक्तानी हुन बाँकी गत बर्षको कार्यक्रम | खर्च उपशिर्षक | चालु आ.ब.को भुक्तानी भएको कार्यक्रम/योजना | रकम |
|---|---|---|---|---|
| १ | **एकिकृत मगर समाज- माघी पर्व** | २२५२२ | जनजाती विकास कार्यक्रम | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| २ | मसलन्द तथा कार्यालय समान- भट्टराई सप्लायर्स | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री-केन्द्र/पालिका स्तर | ९५२०२ |
| ३ | कुबेर अटो धरान | २२२१३ | सवारी साधन मर्मत खर्च | ५६०१५४ |
| ४ | आशिष सर्भिस सेन्टर | २२२१३ | सवारी साधन मर्मत खर्च | ६२६२७७.६४ |
| ५ | गणेश अटो केयर | २२२१३ | सवारी साधन मर्मत खर्च | २८०६९४ |
| ६ | सुगम ट्रेडर्स | २२२१३ | सवारी साधन मर्मत खर्च | ११७१६५ |
| ७ | जग राम टायर | २२२१३ | सवारी साधन मर्मत खर्च | ३२५९२९ |
| ८ | कृषि ट्र्याक्टर पार्टस | २२२१३ | सवारी साधन मर्मत खर्च | १०४१२९ |
| ९ | एटलास मोटरसाईकल | २२२१३ | सवारी साधन मर्मत खर्च | १०००० |
| १० | B.s. मोटरसाईकल | २२२१३ | सवारी साधन मर्मत खर्च | ६२१५० |
| ११ | मनकामना अटो वर्मसप हिल | २२२१३ | सवारी साधन मर्मत खर्च | ७४९९.८१ |
| | | | | |

**निर्णय नं ८**

आर्थिक वर्ष २०८२/०८३ मा सवारी पार्किङ्गका लागि स्विकृत भएको ठेक्का सम्झौता ठेकेदार संस्थाले विविध कठिनाई र अवरोधका कारणले काम गर्न नसक्ने अवस्था रहेकोले ठेक्का रद्द गर्न दिएको निवेदन वमोजिम मिति २०८२ भाद्र १३ गते बसेको स्थानीय राजस्व परामर्श समितिको निर्णय अनुसार धनकुटा एग्रो फर्म (स्थायी लेखा न. १३०६७१३९०) लाई निजले राखेको पहिलो किस्ता रु. ६६७०००/- (रु. छ लाख सत्साठी हजार मात्र) चालु आ.ब.को कर्मचारी कल्याण कोषमा जाने रकम (ख.उ.शि.नं २१२१४) बाट फिर्ता भएको रकम समर्थन गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

चालु आ.ब. २०८२/०८३ मा संघीय सरकारबाट ब.उ.शि.नं. ३१४०१०१२३- (सामाजिक सुरक्षा तथा संरक्षण) कार्यक्रममा प्राप्त भएको रकम रु. १२ करोड ४४ लाख ६७ हजार चालु आ.ब.को बजेटमा समावेश गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

सुदिक्षा चुलुङ्ग कन्स्ट्रक्सन धनकुटा ५ को धरौटी रकम फिर्ता सम्बन्धको पत्र आजको बैठकमा पेश भइ छलफल हुँदा उक्त धरौटी रकम फिर्ता नगर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

धनकुटा नगरपालिकाको सत्रौं नगरसभाको वैठक यही मिति २०८२ साल पुस २६ गते आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

धनकुटा नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०८१/०८२ को लेखापरिक्षण गर्न निम्न विद्यालयका लागि निम्न अनुसारका लेखापरिक्षकलाई खटाउने निर्णय गरियो ।

| सि.नं | लेखापरीक्षकको नाम ठेगाना | लेखापरीक्षण गर्नु पर्ने विद्यालयको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री जे.के एण्ड एसोसियट्स<br>विराटनगर (प्र.प.नं २५५३) | ज्वाला प्रा.विधालय, ध.न.पा. ३,<br>वाल कल्याण प्रा.विधालय, धनपा १ | |
| | श्री गोपाल राउत एण्ड एसोसियट्स<br>विराटनगर महानगरपालिका मोरङ्ग (प्र.प.नं ४७५४) | कन्यादेवी प्रा.वि. माहाङ्ग ध.न.पा. ९<br>अमरज्योती प्रा.विधालय, माहाङ्ग , ध.न.पा. ९ | |
| ३ | श्री सि.आर. एण्ड एसोसियट्स<br>विराटनगर महानगरपालिका १ मोरङ्ग (प्र.प.नं ५८६) | मधुगंगा प्रा. विधालय धनपा २<br>ज्ञानोपार्जन आ.वि. ध.न.पा.२ | |
| ४ | श्री एल.पि. दाहाल एण्ड एसोसियट्स<br>पथरी शनश्चिरे मोरङ्ग (प्र.प.नं १३३२) | देउराली मा. विद्यालय , वेलहारा , ध.न.पा. ९<br>चञ्चला देवी आ.वि.ओक्मालुङ ध.न.पा. १ | |

| | | | |
|---|---|---|---|
| ५ | नगेन्द्र लुईटेल एण्ड एसोसियट्स धनकुटा नगरपालिका धनकुटा (प्र.प.नं १५४५) | वाल कल्याण प्रा.विधालय, धनपा ९ | |
| | | वाघेश्वरी प्रा.विधालय, पात्ले खोला धनपा ६ | |
| ६ | श्री आर.वस्ती एण्ड एसोसियट्स विराटनगर महानगरपालिका ५, मोरङ्ग (प्र.प.नं ३३०) | जलकन्या प्रा.विधालय सिजालीगाउ ध.न.पा. १ | |
| | | चन्द्र प्रा. विधालय,गुरासे ध.न.पा. १, | |
| | | हिले मा. विद्यालय , ध.न.पा. १, | |
| ७ | श्री राम नारायण एसोसिएट्स गोदावरी ललितपुर (प्र.प.नं ४१०७ ) | आधारभुत विद्यालय , ध.न.पा.१० उतरपानी | |
| | | धर्मोदय प्रा.धिालय, ध.न.पा.२ | |
| ८ | वि.पि.गुरागाई एण्ड एसोसियट्स विराटनगर महानगरपालिकावडा नं. ११, मोरङ्ग (प्र.प.नं १२१६) | जनकल्याण मा. विद्यालय , ध.न.पा. १०, मार्गा | |
| | | सिद्धदेवी प्रा.विधालय, ध.न.पा. १० | |
| ९ | श्री डि. पौडेल एण्ड एसोसियट्स महालक्ष्मी नगरपालिका वडा नं. २, धनकुटा (प्र.प.नं ५२८५) | गोकुण्डेश्वर मा. विद्यालय , ध.न.पा. ६, सिरानबजार | |
| | | आत्मारा प्रा.वि. आत्मारा, ध.न.पा.६ | |
| १० | श्री श्रेष्ठ सि.पि. एण्ड एसोसियट्स धनकुटा नगरपालिकावडा नं. ६, धनकुटा (प्र.प.नं १२८२) | गोकुण्डेश्वर वाल मन्दिर मा. विद्यालय , ध.न.पा. ५, | |
| | | सल्लेरी आ..विधालय, ध.न.पा. ५, | |
| | | थानी आधारभूत विधालय गुठिटार ध.न.पा. ९ | |
| ११ | श्री एस.आर. गौतम एण्ड एसोसियट्स पाखीबास नगरपालिकावडा नं. १, धनकुटा (प्र.प.नं ५२८७) | श्रीमान टंक मा.विधालय, धनपा २ | |
| | | कौशिका आधारभुत विद्यालय, ध.न.पा. ९ | |
| | | मार्गेश्वरी प्रा.वि. ध.न.पा. ४ | |
| | | मार्गेश्वरी प्रा. विधालय, धनपा २ | |
| १२ | श्री एल कुवर एण्ड एसोसिएट्स चौविसे गाउपालिकावडा नं. ७, धनकुटा (प्र.प.नं ४७३९) | त्रिवेणी मा. विद्यालय , ध.न.पा. ७, चुलीवन | |
| | | जिमी प्रा.वि. याक्ते ध.न.पा. ८ | |
| | | चुलिवन प्रा. विधालय, ध.न.पा. ८ | |
| १३ | श्री एम.पि.एन.एण्ड एसोसियट्स विराटनगर महानगरपालिका १ (प्र.प.नं ०६९६) | श्री भाषा मा.विधालय, धनपा ३ कागते | |
| | | चतुर्भुज प्रा.विधालय, धनपा ३ | |
| १४ | श्री गणेश पि. दाहाल एण्ड एसोसियट्स ईटहरी ४ सुनसरी (प्र.प.नं ७२०) | जनता राष्ट्रिय आ.विधालय ध.न.पा.८ | |
| | | देउराली मा.विधालय सान्ताँङ ध.न.पा.८ | |
| | | सिंह देवी आ.विधालय खाल्डे ध.न.पा.६ | |
| १५ | उमानाथ अधिकारी एण्ड एसोसियट्स विराटनगर ५ मोरङ्ग ( प्र.प.नं ६५६ घ) | जनता आधारभुत विद्यालय , ध.न.पा. ३, | |
| | | मार्गादेवी प्रा.विधालय, धनपा १० | |
| | | सिंहदेवी प्रा.विधालय, ध.न.पा. ९ | |
| १६ | श्री आर.एच अधिकारी एण्ड एसोसियट्स भद्रपुर झापा (प्र.प.नं ४२८०) | डिल्ली प्रा. विधालय धनपा २<br>रत्न सरस्वती प्रा. विधालय धनपा २ | |

**निर्णय नं १३**

धनकुटा नगर कार्यपालिकाको कार्यालयवाट सम्पादन हुने कार्यलाइ प्रभावकारी एवं व्यवस्थित बनाउन तपसीलमा उल्लेखित ऐन तथा कार्यविधिहरु तयारीका लागि नगरकार्यपालिकाको कार्यालयलाई सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

(क) विज्ञापन ऐन

(ख) विद्यालयमा कामको संसार कार्यक्रम सञ्चालन मार्गदर्शन

(ग) दरबन्दि मिलान तथा प्रधानाध्यपक नियुक्ति सम्बन्धी कार्यविधि

(घ) शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि

(ङ) घ वर्गको निर्माण ईजाजत पत्र सम्वन्धि कार्य विधि संशोधन

**निर्णय नं १४**

धनकुटा नगरपालिका वडा नं.७ बसपार्क स्थित बसपार्कको पूर्व दिशा तर्फ रहेको मकालु होटलसँग जोडिएको नगरपालिकाको नाममा रहेको कित्ता नं.३० क्षेत्रफल १४० वर्गफिट खाली जग्गा प्रयोग बिहीन रही फोहर फाल्ने डम्पिङसाईड जस्तो भएकोले उक्त खाली जग्गामा आफैले संरचना वनाई प्रयोग गर्न न्युनतम भाडादर रु २०००।० अक्षेरेपी दुई हजार मात्र (मू.अ.क वाहेक) कायम गरी सात दिन म्याद भएको वढावढको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

विश्व वैंकको आर्थिक सहयोगमा धनकुटा नगरपालिका १ हिले (षडेषेश्वर मन्दिर)-भिरगाउ- मधुगङ्गा सडक स्तरोन्नति कार्यको प्राविधिक कामका लागि सेवा खरिद गरिएको DSC सँगको सम्झौताको म्याद गत असार मसान्तमा समाप्त भएको तर सडक निर्माण कार्यको काम वाकी रहेको हुनाले DSC को म्याद थपका लागि NUGIP आयोजना ववरमहल काठमाडौमा अनुरोध गरी पठाएकोमा NUGIP आयोजना Go ahead उल्लेख भएको ईमेल प्राप्त भएकोले म्याद समाप्त भएको मितिवाट लागु हुने गरी 28 March 2026 (२०८२ फागुन १४) सम्म म्याद थप गरी सडक निर्माण कार्य सम्पन्न गराउन प्राविधिक कामकाज गराउने निर्णय गरियो।

**निर्णय नं १६**

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८२/०९/१८ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | दुर्गा कुमारी श्रेष्ठ | धनकुटा न.पा. ४ | धनकुटा बजार-१ | १६८ | ०-५-३-० | छुट भएको | ब्यावसायिक |

**निर्णय नं १७**

धनकुटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.ब. २०८२/०८३ का लागि नगरसभाबाट स्विकृत बजेट तथा कार्यक्रमहरुको २०८२ मंसिर मसान्त सम्म भएको आय र व्ययको विवरण सार्वजनिक गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

चालु आ.व.को स्वीकृत नगर स्तरीय वजेट तथा कार्यक्रमकोको निम्न शीषर्कलाइ निम्नानुसार परिवर्तन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं. | व.शी.न. | कार्यक्रमको नाम | रकम | नया कायम भएको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३११५९ | गुठिटार विधालय संरक्षणका लागि वाल निर्माण | ५००००० | रायागाउ तरकारी संकलन केन्द्र निर्माण | ४००००० | |
| | | | | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा २ खानेपानी व्वस्थापन | १००००० | |
| २ | ३१११२ | वहुउदेश्य सामुदायिक भवन निर्माण | ३००००० | आदिवासी जनजाती पैदल मार्ग निर्माण धनपा १ | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | ३११११२ | वहुउदेश्य सामुदायिक भवन निर्माण | ७०००००० | त्रिसुले चापे ग्रामिण सडक स्तरोन्नति | २००००० | |
| | | | | राजन कार्की को घरको फुसको छाना फेर्ने कार्य | ५०००० | |
| | | | | एकल महिला समुह सचेतना कार्यक्रम | १००००० | |
| | | | | वौद्ध गुम्वा निर्माण स्थल व्यवस्थापन त्रिसुले | १५०००० | |
| | | | | स्कुलडाँडा खानेपानी उपभोक्ता समिति धनपा २ खानेपानी व्वस्थापन | २००००० | |
| ३ | ३११५१ | दायित्व कुमारनाथ घिमिरेको घरछेउ दुग्ध डेरी सम्म पैदलमार्ग | ३००००० | स्वास्थ्य महिला समुह भवन मर्मत माथिल्लो खाल्डे । धनपा ६ | ३००००० | |

**निर्णय नं १९**

धनकुटा नगरकार्यपालिको आगामी वैठक २०८२ पुस २५ गते विहान ८ वजे वस्ने निर्णय गरियो ।

**निर्णय नं २०**

लैङ्गिक हिंसा रोकथाम तथा पंतिकार्यका लागि एकिकृत सेवा पँहुच परियोजनावाट सञ्चालन हुने तालिम/गेष्ठिका सहभागीहरुलाई समय,दुरी, यातायात आदीका आधारमा निम्नानुसारको यातायात खर्च उपलव्ध गराउने निर्णय गरियो ।

निम्न

१. वडा नं १,२,८,९ र १० वाट सहभागी हुनेहरुका लागि रु ८००।०
२. वडा नं ३,४,५,६ र ७ वाट सहभागी हुनेहरुका लागि रु ५००।०

**निर्णय नं २०**

फाईन ट्युनिङ्ग कन्सल्टन्सी ललितपुरले तयार गरी पेश गरेको लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षणको प्रतिवेदन आजको वैठकमा पेशभई छलफल हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २१**

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८२/०९/१८ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | सावित्री चुके (श्रेष्ठ) र चिना प्रधान (श्रेष्ठ) | धनकुटा न.पा. ७ | धनकुटा बजार-७ | १७९ | ०-९-२-० | छुट भएको | ब्यावसायिक |

**<u>निर्णय नं २२</u>**

चालु आ.व.को संघीय सशर्त कार्यक्रम अन्तर्गत निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यक्रम कार्यान्वयनका लागि विद्यालय वाहिर रहेका विद्यार्थीको प्रोफायल तयारी गर्नु पर्ने भएको हुनाले उक्त कार्य सम्पादनका लागि निम्नानुसारको समितिलाई जिम्मा दिने निर्णय गरियो ।

<u>निम्न</u>

| | | |
|---|---|---|
| श्री दशरथ राई - | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| श्री सीताराम गौतम - | प्रशासन,योजना तथा अनुगमन अधिकृत | - सदस्य |
| श्री नरवहादुर भूजेल- | लेखा अधिकृत | - सदस्य |
| श्री रमेश प्रसाद दाहाल- | शाखा अधिकृत | - सदस्य |
| श्री नवराज खतिवडा - | शिक्षा अधिकृत | - सदस्य सचिव |